# शक्ति सन्तुलनमा प्रेसको भूमिका

*– विनयकुमार कसजू*

राजतन्त्र सामन्ती व्यवस्थाको उत्कर्ष अवस्था र चरित्र हो । राजतन्त्रमा शक्ति व्यक्तिमा केन्द्रित हुन्छ । सामन्ती व्यवस्थामा शक्ति केन्द्रहरूको सिँढी (Power Hierarchy) हुन्छ । परिवारदेखि समाज र देशका विभिन्न तहमा साना ठूला विभिन्न तहका शक्ति केन्द्र हुन्छन् । एउटा परिवारभित्र मूल व्यक्तिको शक्ति उसले खाने लाउने, बोल्ने, भाषा, अभिव्यक्ति, आर्थिक, सांस्कृतिक, समाजिक व्यवहार र निर्णय प्रकृया इत्यादि सबै कुरामा सामन्ती शक्ति संरचना (Power Structure) सर्वत्र र सँधै देखिन्छ । परिवारभित्र हुने सबै कुरामा, सबै सुख सुविधामा उसले प्राथमिकता पाउँछ । नेपाली परिवारमा शक्ति संरचनाको सिंढीमा बालबालिका सबैभन्दा तल्लो तहमा पर्छन् । हुनत उनीहरूलाई सबैले माया गर्छन् तर ठूलाहरूले उनीहरूलाई उपदेश दिने, सिकाउने, हप्काउने, काम अह्राउने, नमाने पिट्ने र रिस पोख्ने अधिकार आफूसँग छ भन्ने ठान्छन् ।

परिवारभित्रको यो शक्ति संरचना नेपालका राजनीतिक दलहरूमा पनि स्पष्ट रूपमा देखिन्छ ।  लोकतन्त्रको लागि लडने राजनीतिक दलहरूभित्र समेत सामन्ती परिपाटी छ । जनतालाई शक्तिको स्रोत मानेपछि पनि नेताहरूले जनतालाई शक्तिको भर्याङ मात्रै ठान्छन् । उनीहरूको नजरमा पार्टी कार्यकर्ताहरू र जमिन्दारले पालेका लठैतहरूबीच केही फरक छैन । राजनीतिक व्यवस्था परिवर्तन हुँदैमा रातारात नेताहरूको मानिसिकता र पार्टीहरूको सोच र काम गर्ने तरिकामा फेरिने कुरा पनि होइन । यसको लागि समय, संकल्प र अभ्यासको आवश्यकता हुन्छ । यो काममा प्रेसको निक्कै महत्वपूर्ण भूमिका हुन्छ । किनकि शक्तिको निगरानीकर्ता प्रेस हो भने मिडियाले निरन्तर मूल्यमान्यता संचार र स्थापना गरिरहको हुन्छ ।

नेपालका छिमेकी देशहरूमा उपनिवेशवादको आगमन र पुँजीवादको उदयसँगै सामन्ती व्यवस्था ढल्न सुरु भएको हो । साठी वर्षअघि उपनिवेशवादी शक्तिको अन्त्यपछि ती देशहरूमा शक्तिको हस्तान्तरण र रूपान्तरण सुरु भयो । तर त्यो काम साम्राज्यवादी र उपनिवेशवादीको हातबाट देशभित्रका नवसामन्ती र पूँजीवादी शक्तिमा सीमित भयो । जनताको हातमा शक्ति हस्तान्तरण हुनसकेन । नेपालमा पनि शक्तिको हस्तान्तरण र रूपान्तरणको प्रयास २००७ सालमा सुरु भए पनि अधुरै रह्यो । राजतन्त्रको पुनःउदय भयो । अन्यत्र पूँजीवादी शक्तिको उदयभयो भने हामीकहाँ त्यो पनि हुन सकेन । सामन्तवादको जरा झनझन गहिरिँदै गयो । त्यसले नयाँनयाँ रूप लिँदै गयो ।

अहिले आएर राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनापछि जनताको हातमा शक्ति हस्तान्तरणको प्रक्रिया सुरु भएको छ । नयाँ संविधान निर्माण यसैको उत्कर्ष र सर्वोत्कृष्ट अभिव्यक्ति हो ।

अग्लो ठाउँबाट बगेको पानी समतल मैदानमा नपुगेसम्म उर्लन्छ । त्यसले विनाश पनि गर्नसक्छ । त्यसले नराम्रा कुरा मात्रै भत्काउँदैन, राम्रा कुरा पनि भत्काउन सक्छ । बाँधबाट निस्केको पानी मैदानमा नपुग्दै बीचबीचका खडलहरूमा जमेर फेरि एक ठाउँमा केन्द्रित हुन सक्छ । भत्केको बाँध वा हिमताल फुटेर पानीले निकास खोजेजस्तै शक्तिको केन्द्रको रूपमा रेहको राजतन्त्र र शक्तिको सिँढीको रूपमा रहेका सामन्ती संस्थाहरू भत्कन थालेपछि शक्तिले निकास खोजिरहेको छ । ओह्रालो लागेको पानी बीचबीचमा अडकिएझैँ राजनीतिक शक्ति पनि बीचैमा अडकिएर जनताको हातमा नपुग्नसक्छ । शक्ति हस्तान्तरण, रूपान्तरण र अपहरणको यो प्रक्रिया निरापद रूपमा जनताको हातमा पुग्छ कि बीचैमा थुम्के शक्तिहरूले हात पार्छन् भन्ने कुरा अहिले भइरहेका विभिन्न आन्दोलन, आन्दोलनकारी राजनीतिक दलहरूको उद्देश्य/नियत, क्षमता र परिणाममा भरपर्छ । अनि ती शक्तिका खेलाडीहरूलाई ठिक बाटोमा हिँडाउन प्रेसले प्रभावकारी भूमिका खेल्न सक्छ ।

पानीले आफ्नो सतह आफै मिलाउँछ भनिन्छ । तर पानीलाई सतह मिलाउन बाध्य पार्ने शक्ति गुरुत्वाकर्षण शक्ति हो । पानीमाथि गुरुत्वाकर्षण शक्ति लागू भएन भने पानी ओह्रालो लाग्न बाध्य हुँदैन । तर गुरुत्वाकर्षण शक्तिले पानीलाई ओह्रालो लाग्न बाध्य पारेता पनि त्यसको आँखा वा विवेक हुँदैन । यसैले पानी छाँगो बनेर खस्न र खाल्टोमा जमेर सुक्न पनि सक्छ । फेरि अर्को ताल बन्न पनि सक्छ ।

गुरुत्वाकर्षण शक्तिको नियमअनुसार ठूलो बस्तुले सानो बस्तुलाई आफूतिर तान्छ र आफूमै समाहित गर्न खोज्छ । शक्तिको स्वभाव पनि त्यस्तै हो, चाहे त्यो राजनीतिक शक्ति होस् वा अर्थिक शक्ति । ठूलाठूला क्रान्ति र जनआन्दोलहरू भएपछि टुक्रिएर जनतामा पुगेको शक्ति पनि यदि त्यसलाई निरन्तर सन्तुलन गर्ने काम कसैले गरेन भने फेरि शक्ति केन्द्रीकरण सुरु हुन थाल्छ । शक्तिलाई सन्तुलित गर्ने काम भएन भने कुनै पनि शक्तिले थप शक्ति बटुल्न र झन शक्तिशाली हुन खोज्छ ।

यहीँ आएर प्रेसले भूमिका खेल्छ, खेल्नु पर्छ । किनकि शक्तिको अपहरण, हस्तान्तरण र रूपान्तरको निरन्तर निगरानी र विश्लेषण गरेर जनतालाई सजग गराउने अर्को शक्ति प्रेस हो । पानीलाई सतह मिलाउन गुरुत्वाकर्षण बलले काम गरेजस्तै शक्तिको सतह र सन्तुलन मिलाउने काम संचार र प्रेसले गर्छ । यसले राज्यसत्ता, राजनीतिक दल वा अन्य शक्तिहरूलाई जनताको विरुद्ध जान दिँदैन । लोकतन्त्रमा राजनीतिक, आर्थिक, सामाजिक आदि कुनै पनि शक्तिलाई जनताको हातमा पुर्‍याएर शक्तिको सतह मिलाउने र त्यसलाई सन्तुलित राख्ने मुख्य शक्ति प्रेस हो । मृत्युले कसैलाई भेदभाव गर्दैन यसैले उसलाई सबैभन्दा शक्तिशाली सतहमिलाउने शक्ति (Death the Leveller) भनिन्छ । त्यस्तै शक्ति अपहरण,

हस्तान्तरण, रूपान्तरण र सन्तुलनको काममा आमसंचार, खास गरी प्रेस शक्तिशाली सतह मिलानकर्ता (लेभलर) हो ।

प्रेस स्वयं शक्ति हो । तर राजनीतिक, आर्थिक वा अन्य शक्तिले झैँ प्रेसले आफ्नो शक्तिको उपयोग आफ्नो लागि गर्दैन जनताको लागि गर्छ । जुन दिन यसले आफ्नो शक्तिको दुरूपयोग आफ्नै लागि गर्न थाल्छ त्यो बेलादेखि प्रेसले आफ्नो मौलिक धर्म, चरित्र, मर्यादा गुमाउँछ र अन्ततः शक्ति पनि गुमाउँछ ।

लोकतन्त्रको स्थापनाका लागि जनआन्दोलनमा जनतालाई समाहित गर्ने काममा नेपाली प्रेसले जुन ऐतिहासिक भूमिका खेल्यो त्योभन्दा महत्वपूर्ण र कठिन जिम्मेवारी अब पूरा गर्नु पर्नेछ । अहिलेसम्म नेपाली जनताले कुनै पनि राजनीतिक व्यवस्था, सत्ता, सरकार र प्रशासनसमेतलाई आफ्नो वा आफूले रोजेको भन्ने महसुस गर्न पाएका थिएनन् । अब आउने व्यवस्था आफूले रोजेर ल्याएको आफ्नै व्यवस्था हो र आफूले नचाहेको बेलामा फेर्न सकिन्छ भन्ने अनुभूति नगराई लोकतन्त्रले नेपाली माटोमा जरा गाड्न सक्तैन । अब नेपाली जनताले जुनसुकै व्यवस्था रोजे पनि त्यो नेपाली जनताको आफ्नै व्यवस्था हुनेछ र त्यसबारे अरू कसैसँग गुनासो गर्न पाइने छैन भन्ने अनुभूति गराउन सकिएन भने फेरि पनि गल्ती हुने सम्भावना छ । यो अनुभूति गराउनु अहलेको प्रेसको जिम्मेवारी र हाँक पनि हो ।

नेपालको पुनःसंरचना भनेको अहिले शक्तिलाई जनताको हातमा पुर्‍याउने, शक्तिको केन्द्रीकरण हुन नदिने र शक्तिलाई सन्तुलित राखेर राज्यमा शान्ति स्थापना र पुनर्निमाण गर्ने हो । यो काममा सबैभन्दा महत्वपूर्ण जिम्मेवारी प्रेसको छ । वस्तुनिष्ठता, सत्यता, निर्भीकता, निष्पक्षता, विवेकशीलता जस्ता प्रेसका मौलिक गुणलाई खँदिलो बनाउँदै नयाँ नेपाल निर्माणमा प्रेसको शक्तिको सदुपयोग गर्नु पर्नेछ । खास गरी संघीय राज्यको निर्माणको आधारका बारेमा हाल चलिरहेको बहस र आन्दोलनलाई एउटा सही गन्तव्यमा पुर्‍याउन प्रेसको शक्ति सन्तुलक भूमिका र जनताको हातमा शक्ति पुर्‍याउने, सतह मिलाउने, जिम्मेवारी बढेको छ । यो महत्वपूर्ण अवसरमा प्रेसले आफ्नो मौलिक चरित्र त्याग्यो भने देश विखण्डित पनि हुन सक्छ ।

अन्नपूर्ण पोष्ट दैनिक, २०६५ चैत १ गते शनिवार प्रकाशित